


# अध्याय -४

## परमप्रभु परमेश्वरले सुन्नुहुन्छ र उद्धार गर्नुहुन्छ

यस अध्यायका मूल पदहरूः भजन १३९:१-१८; भजन १२१;
भजन १७:८; मत्ती २३:३७; १ कोरन्थी १०:१-४ र हिब्रू ४:१५।

<u>यस अध्यायको मूल सार पदः</u> *"धर्मात्मा रोएर चिच्याउँछ, तिनीहरूको रोदन परमेश्वरले सुन्नुहुन्छ, र तिनीहरूको कष्टबाट तिनीहरूलाई उहाँले मुक्त गर्नुहुन्छ।" भजन ३४:१७ रूपान्तर।*

परमेश्वर सार्वभौम सृष्टिकर्ता हुनुहुन्छ, सारा जगत ब्रम्हाण्डलाई उहाँले समाली राख्नुहुन्छ र उहाँ व्यक्तिगत बास्तविक परमेश्वर हुनुहुन्छ भनेर प्रकट गर्नुहुन्छ भनेर भजनसंग्रहमा बारम्बार उल्लेख गरिएको छ। त्यतिमात्र होइन, उहाँकै अग्रसरतामा उहाँले आफ्ना जनहरूसँग व्यक्तिगत सम्बन्ध राख्नुहुन्छ र त्यो सम्बन्ध कायम राख्न उहाँ इच्छुक हुनुहुन्छ भनेर भजनसंग्रहका लेखकहरूले जिकिर गर्दछन्।

चाहे स्वर्गमा होस्, चाहे विश्व ब्रम्हाण्डमा होस् वा यस संसारमा उहाँका जनहरूसँग होस्, परमपिता सृष्टिकर्ता परमेश्वर नजिक हुनुहुन्छ (भजन ७३:२३,२४)। उहाँको सिंहासन स्वर्गमा नै स्थापना गर्नुभएतापनि (भजन १०३:१९) र बादलहरूमाथि माथि चढ्नुभएतापनि यस पृथ्वीमा नम्रभन्दा नम्र, दीन दुःखीहरूको क्रन्दन उहाँले सुन्नुहुन्छ र तिनीहरूको नजिक हुनुहुन्छ, यदि तिनीहरूले उहाँलाई उहाँको सत्यतामा पुकारा गऱ्यो र सत्यवादीमा हिंडेर प्रार्थना गर्छन् भने (भजन १४५:१८)। परमेश्वर जीवित परमेश्वर हुनुहुन्छ र

उहाँ सत्यवादी हुनुहुन्छ भनेर भजनसंग्रहका लेखकहरूले दृढतासाथ कतिवद्ध व्यक्त गर्दछन्। उहाँलाई पुकार गर्नेहरूलाई सहयोग गर्न उहाँ सक्रिय हुनुहुन्छ भनेर पनि भजनसंग्रहमा जिकिर गरिएको छ (भजन ५५:१६-२२)। भजनसंग्रहका भजनहरू अर्थपूर्ण सटीक वा स्पष्ट छन्। ती भजनहरू जीवित परमेश्वरलाई सम्बोधन गरिएकोले र उहाँले प्रार्थनाहरू सुन्नुहुन्छ र जवाफ दिनुहुन्छ भन्ने अटुट विश्वास ती लेखकहरूमा भएकोले नै ती भजनहरू विशेष अर्थपूर्ण छ।

यो पनि हामी याद गर्नुपर्छ कि परमेश्वरले हाम्रा प्रार्थनाहरू जवाफ दिनुहुन्छ यदि हामी उहाँको नजिक रहन्छौं, उहाँमा नै विश्वास गरेर र उहाँका आज्ञाहरू पालन गर्छौं भने। यो भन्दा कमसल, देखावटी, औपचारिक विश्वास वा आस्था उहाँको निम्ति स्वीकार्य हुनेछैन। परमेश्वरलाई विश्वास गर्छु त भन्ने तर अनेकौं बहानाहरू बनाएर उहाँका आज्ञाहरू र वचन पालन नगरी उचित जीवन निर्वाह नगर्ने वा गर्न नचाहने जो सुकै मैहुँ भन्ने इसाईहरू वा सेभेन्थ-डे एडभेन्टिस्ट नै किन नहुन् तिनीहरूको प्रार्थनाको जवाफ उहाँले दिनुहुन्छ भन्ने उहाँको वाध्यता छैन। यसो ज्वलन्त उदाहरण, पौराणिक इस्राएलको इतिहासले सप्रमाणित प्रस्तुत गर्दछ।

## १. मेरो संरचना तथा आकार तपाईंबाट लुकिएको छैन

**भजन १३९:१-१८ पढ्नुहोस्। यहाँ परमेश्वरको शक्ति (भजन १३९:१-६), उपस्थिति (भजन १३९:७-१२), र उहाँ कतिको असल हुनुहुन्छ (भजन १३९:१३-१८)मा काव्यशैलीमा कसरी चित्रण गरिएको छ? परमेश्वरको महानताले उहाँका प्रतिज्ञाहरूको कसरी बताउँछ? हेर्नुहोस्:**

**"१. हे परमप्रभु, तपाईंले मेरो पारख गर्नुभएको छ, अनि मलाई चिन्नुहुन्छ।**
**२. तपाईंले मेरो बसाइ र मेरो उठाइ जान्नुहुन्छ, टाढ़ैबाट मेरो विचार बुझ्नुहुन्छ।**
**३. तपाईंले मेरो बाहिरी जवाइ र मेरो सुताइ स्पष्टसँग जान्नुहुन्छ, र मेरा सबै आचरणहरूसँग तपाईं परिचित हुनुहुन्छ।**
**४. मेरो जिब्रोमा कुनै कुरा आउन अघि नै, हे परमप्रभु, तपाईंले त्यो सम्पूर्ण रूपले जान्नुहुन्छ।**
**५. तपाईंले मलाई अगि र पछि घेर्नुभएको छ, र आफ्नो बाहुली ममाथि राख्नुभएको छ।**

६. यस्तो ज्ञान मेरो निम्ति साह्रै आश्‍चर्यपूर्ण छ, यो प्राप्त गर्न मेरो निम्ति अति गाह्रो छ।

७. तपाईंका आत्माबाट म कहाँ अलग्ग जान सक्छु? अथवा तपाईंको उपस्थितिबाट म कहाँ भाग्न सक्छु?

८. म आकाशमा गएँ भने, तपाईं त्यहाँ हुनुहुन्छ, गहिराइमा आफ्नो ओछ्यान बनाएँ भने, त्यहाँ पनि तपाईं हुनुहुन्छ।

९. प्रभातको पखेटामा उड़ेर समुद्रको पल्लो किनारमा गएर बसें भने पनि,

१०. त्यहाँ पनि तपाईंको बाहुलीले मलाई डोऱ्याउनेछ, र तपाईंको दाहिने बाहुलीले मलाई पक्रिराख्नेछ।

११. यदि म भनूँ, "अँध्यारोले मलाई छोप्नेछ, अनि प्रकाश मेरो चारैतिर रातको अन्धकार हुनेछ,"

१२. तापनि अन्धकार तपाईंको निम्ति अँध्यारो हुनेछैन, रात त दिनको उज्यालोजस्तै चम्कनेछ, किनभने अन्धकार तपाईंको निम्ति ज्योतिजस्तै हो।

१३. किनकि तपाईंले नै मेरा भित्रका अङ्ग-प्रत्यङ्ग बनाउनुभयो, तपाईंले मलाई मेरी आमाको गर्भमा रच्नुभयो।

१४. म तपाईंको प्रशंसा गर्छु, किनकि म भयानक र अद्‌भुत रीतिले बनाइएको छु। तपाईंका कार्यहरू अद्‌भुत छन्, र त्यो कुरा म पूर्ण रूपले जान्दछु।

१५. जब अदृश्यमा म बनिंदैथिएँ, मेरो रचना तपाईंबाट लुकेको थिएन। अनि जब म पृथ्वीको गहिराइमा रचिंदैथिएँ,

१६. तपाईंका आँखाले मेरो नबनिएको शरीरलाई देखे। मेरो निम्ति नियुक्त गरिएको आयु तपाईंको पुस्तकमा लेखिएको थियो। त्यसको एउटै कुरा पनि पूर्ण हुन अघि सब लेखिएका थिए।

१७. हे परमेश्‍वर, मेरो निम्ति तपाईंका विचारहरू कति बहुमूल्य छन्! तिनको सङ्‌ख्या कति महान् छ!

१८. तिनलाई मैले गन्नुपरेमा, ती बालुवाका कणहरूभन्दा बढ़ी हुनेथिए। जब म बिउँझन्छु, तब म तपाईंसँगै हुन्छु।" भजन १३९:१-१८।

के तपाईंले कुनै कङ्गाललाई सहयोग गर्न कहिल्यै प्रयास गर्नुभएको छ? त्यसरी नै कतिपयले तपाईंलाई सहायता गर्न चाहन्छन् तर तपाईंको आवश्यकता तिनीहरूलाई थाहा छैन। हामीलाई अत्यन्तै माया गर्ने र हाम्रो निम्ति उत्तम

हित चाहने मानिसहरूसँग हाम्रो हिमचिम होला, तर तिनीहरूभन्दा परमेश्वरसँग हाम्रो बारेमा सिद्ध, सटीक र परिपक्व ज्ञान छ। हाम्रा परिस्थितिहरूको बारेमा उहाँ पूरा सजग हुनुहुन्छ र हामीलाई सहयोग गर्ने उहाँका स्रोतहरू अपार छन्। त्यसकारण, हामीलाई सहयोग गर्ने हामीलाई उद्धार गर्ने र सहयोग गर्ने उहाँका वाचाहरू हल्का, देखावटी वा कुरामात्र होइन होइन्, तर तिनीहरू अटल आश्वासन र दृढ भरोसामा आधारित छन्।

परमेश्वरको बारेमा भजनका लेखकको ज्ञान यति महान्, अपार र विशेष छ कि उनी आमाको गर्भमा हुँदा पनि उनी परमेश्वरबाट लुकिएको थिएन (भजन १३९:२)। परमेश्वरको ज्ञान वा अन्तरदृष्टि समयसँग सरोकार छैन (भजन १३९:२), हाम्रो अदृश्य जीवन पनि उहाँलाई थाहा छ (भजन १३९:२,४) र भजनका लेखकको पूरै अस्तित्व कहाँ छ, के गर्छ र कुन ठाउँमा उनी छन् (भजन १३९:२,३) सो उहाँलाई पूरै थाहा छ। उहाँ सृष्टिकर्ता हुनुभएकोले नै उहाँमा त्यो अचम्मको ज्ञान छ। उहाँ उहाँका जनहरूसँग घनिष्ठ हुनुहुन्छ र उहाँले तिनीहरूलाई विभिन्न तरिकाहरूले हेरविचार गर्नुहुन्छ।

हाम्रो बारेमा उहाँलाई सबै थोकको सम्पूर्ण ज्ञान छ भन्ने अचम्मको सत्यले उहाँबाट हामी तर्सिनु हुन्न तर येशूका पाखुराहरूमा हामीलाई धकेल्न सक्दछ र हाम्रो निम्ति क्रूसमा उहाँले के सम्पन्न गर्नुभयो त्यसले गर्दा उहाँको पाऊ मुनि पर्न हामीलाई घचघचाउन सक्दछ। येशूमा आस्था वा विश्वास राख्दा उहाँले हामीलाई उहाँको धार्मिकताको खास्तो ओढाउनुहुन्छ। त्यो खास्तो यथार्थमा परमेश्वरको आफ्नै धार्मिकता हो (रोमी ३:५,२१), हाम्रो धर्मकर्मले पाउने धार्मिकता होइन।

परमेश्वरको उपस्थिति नर्क वा चिहान र अन्धकार पनि हुन्छ भनेर भजन १३९:८,११,१२ले वयान गर्दछ। ती ठाउँहरूमा परमेश्वर रहनुहुने त होइन (भजन ५६:१३)। उहाँको उपस्थिति पूर्वमा वा "बिहानका पखेटाहरूमा" र समुद्रको अत्यन्तै किनाराको भागमा (पश्चिम) पनि हुन्छ भनेर चित्रण गरिएको छ (भजन १३९:९)। विश्व ब्रम्हाण्डमा कुनै ठाउँ छैन जहाँ परमेश्वरको पहुँच छैन। परमेश्वर ब्रम्हाण्ड वा सृष्टिको भाव नएतापनि उहाँ सबैको नजिक हुनुहुन्छ। उहाँले सृष्टिमात्र गर्नुभएन तर सम्मालनु वा सँभार पनि गर्नुहुन्छ (हिब्रू १:३)।

हाम्रो बारेमा सम्पूर्ण ज्ञान उहाँमा भएकोले हामीलाई पुनर्जीवन वा पुनर्स्थापित पनि गर्न सहयोग गर्न सक्षम हुनुहुन्छ। उहाँप्रतिको हामीमा भएको आत्मज्ञानले उहाँको महानता देखाएकोले उहाँप्रति भावविभोर भएर उहाँको स्तुतिप्रशंसा गर्न पुग्छौं र भजनका लेखकले जस्तै उहाँमाथिको भरोसा पुननविकरण गर्न सक्छौं। त्यसले गर्दा हामीमाथिको उहाँको निगरानी, निरीक्षण, अनुशासनलाई सहस्र स्वीकाछौं। त्यस प्रक्रियाले परमेश्वर र हामीसँगको सम्बन्धलाई वाधा दिने कुनै पनि समस्याहरू उहाँले हटाउन सक्नुहुन्छ।

**आफ्नो सबै गोप्य कुराहरू, नियतहरू र चालाहरू परमेश्वरलाई थाहा भएकोले उहाँसँग कतिपय मानिसहरू तर्सिन पनि सक्छन्। तर सुसमाचारको सन्देशमात्र हाम्रो आशा किन हुनसक्छ?**

## २. परमेश्वरको हेरचाहको मायालु आश्वासन

**प्रभु येशूले हामीलाई चिनाउनुभएको परमेश्वर हामीबाट कुनै टाढा पहाड, मन्दिर वा आकाशमा रहनुहुने होइन तर हाम्रो दैनिक क्रियाकलापमा संलघ्न हुनुहुन्छ वा उहाँ हाम्रो जीवनको बाटोमा चिरपरिचित हुनुहुन्छ भनेर भजनसंग्रहमा लेखिएका देहायका पदहरूले कसरी पुष्टि गर्दछ? हेर्नुहोस्: "१ मैले धैर्यसाथ परमप्रभुको प्रतीक्षा गरें, उहाँले ममाथि दृष्टि गर्नुभयो र मेरो पुकार सुन्नुभयो। २ उहाँले मलाई सर्वनाशको खाड़ल र हिले धापबाट निकाल्नुभयो। उहाँले मेरा खुट्टा चट्टानमाथि बसाल्नुभयो, र मलाई उभिन दृढ़ स्थान दिनुभयो। ३ उहाँले मेरा ओठमा एउटा नयाँ गीत राखिदिनुभयो, हाम्रा परमेश्वरका प्रशंसाको एउटा गीत। धेरैले यो देख्नेछन् र डराउनेछन् (उहाँमाथि श्रद्धा राख्नेछन्), र परमप्रभुमा भरोसा राख्नेछन्।" भजन ४०:१-३; "सङ्कष्टको दिनमा मलाई पुकार, र म तिमीलाई छुटाउनेछु, र तिमीले मेरो महिमा गर्नेछौ।" भजन ५०:१५; "तिम्रा चिन्ता र फिक्री परमप्रभुमा राख र उहाँले तिमीलाई सम्भाल्नुहुनेछ। उहाँले धर्मीलाई कहिल्यै डग्न दिनुहुनेछैन।" भजन ५५:२२; "१ पर्वतहरूतिर म आफ्ना आँखा उचाल्छु। मेरो गुहार कहाँबाट आउँछ? २ स्वर्ग र पृथ्वी सृजना गर्नुहुने परमप्रभुबाट मेरो गुहार आउँछ। ३ उहाँले तिम्रा खुट्टा चिप्लन दिनुहुनेछैन, तिम्रो रक्षा गर्नुहुने कहिल्यै उँघ्नुहुनेछैन। ४ साँच्ची नै इस्राएललाई रक्षा गर्नुहुनेचाहिँ न त उँघ्नुहुन्छ न सुत्नुहुन्छ। ५ परमप्रभु तिम्रा रक्षक हुनुहुन्छ, परमप्रभु तिम्रो दाहिने हाततिरको तिम्रो छहारी हुनुहुन्छ।**

**६ दिउँसो घामले तिम्रो हानि गर्नेछैन, न त जूनले राती तिम्रो कुनै हानि गर्नेछ। ७ परमप्रभुले तिमीलाई सबै विपत्तिबाट जोगाउनुहुनेछ, उहाँले तिम्रो प्राणको रक्षा गरिदिनुहुनेछ। ८ तिमी बाहिर जाँदा र भित्र आउँदा परमप्रभुले तिम्रो रक्षा गर्नुहुनेछ, अहिले अनि सदाकालसम्म।" भजन १२१।**

परमेश्वर सनातन र जीवित परमेश्वर हुनुहुन्छ भनेर बाइबलमा हामीलाई आफ्नो चिनारी गर्नुभएको छ अर्थात् प्रकट गर्नुभएको छ। उहाँलाई पुकारा गर्नेहरूलाई तिनीहरूको खातिर सक्रिय हुनुहुन्छ। "परमेश्वर सधैं मेरो सामुन्ने हुनुहुन्छ" भन्ने आभास् भजनको लेखकले व्यक्त गर्दछन् (भजन १६:८)। त्यसकारण, उनले परमेश्वरमाथि भरोसा राखेर उनलाई आवश्यक परेको बेलामा उनले पुकारा गर्दछन् (भजन ७:१; ९;१०)। पीडा, कष्ट र अन्धकारको गहिरो खाल्डोमा परेको बेलामा उसले क्रन्धन गर्छन् भने प्रभुले सुन्नुहुन्छ (भजन १३०:१,२)। त्यसको अर्थ मानिसको कुनै पनि जीवनको परिस्थिति वा वातावरण छैन जहाँ उहाँको सर्वव्यापकताबाट लुक्न सक्दैन। सारा लोक उहाँको आधिपत्यमा छ। त्यसकारण, जतिसुकै बिचल्ली अवस्थामा भजनका लेखक परेतापनि उनी कहिल्यै पनि आशारहित हुनुपर्दैनथ्यो। उनको क्रन्धन सुन्न परमेश्वर जहिले पनि तत्पर हुनुहुन्छ।

भक्तको व्यक्तिगत जीवनमा परमेश्वरको उपस्थिति हुने भएकोले भजन १२१ मा उहाँको स्तुति प्रशंसा गरिएको छ। उहाँको शक्तिमा यी समावेश भएका छन्: (१) "उहाँले तिम्रो खुट्टालाई चिप्लन दिनुहुन्न," भजन १२१:३। बाइबलमा खुट्टा वा पाइलाको चित्रण प्रायजसो मानिसको जीवनको यात्रालाई बुझाउँछ (भजन ६६:९, भजन ११९:१०५, हितोपदेश ३:२३)। "चाल" भन्ने हिब्रू भाषामा संसारलाई परमेश्वरले दिनुहुने सुरक्षालाई जनाउँछ (भजन ९३:१) र सियोन वा उहाँको सहरको सुरक्षा पनि (भजन १२५:१)। (२) इस्रायलको संरक्षक प्रभु कहिल्यै पनि सुत्नु हुन्न वा रुग्नुहुन्नु भनेर गरिएको चित्रणले उहाँ निरन्तररूपमा चनाखो हुनुहुन्छ र उहाँका जनहरूलाई सहयोग गर्न जहिले पनि उहाँ तयार हुनुहुन्छ (भजन १२१:३,४)। (३) प्रभु तिम्रो "छायाँ" हुनुहुन्छ (भजन १२१:५,६)ले जब इस्राएलीहरू मरुभूमिमा यात्रा गरिरहेका थिए त्यसबेला तिनीहरूमाथि बादलको छायाँले तिनीहरूलाई सुरक्षा गरेको याद दिलाउँछ (प्रस्थान १३:२१,२२)। त्यसरी नै प्रभुले उहाँका जनहरूलाई भौतिक र आत्मिक विश्राम दिनुहुन्छ। (४) परमेश्वर तिनीहरूको दाहिने हात हुनुहुन्छ (भजन १२१:५)। दाहिने हातको अर्थ मानिसको बलियो

हातको चित्रण गर्दछ। तुरन्तै चल्ने वा सक्रिय हुने हात (भजन ७४:११, ८९:१३)को चित्रण गर्दछ। यसले परमेश्वरको नजिकता र निगाहाको पनि चित्रण गर्दछ (भजन १६:८, भजन १०९:३१, भजन ११०:३)। (५) परमेश्वरको निरन्तर सुरक्षालाई भजन १२१:६,८ले स्वीकार्दछ। आफ्ना भक्तहरूलाई परमेश्वरले सबै दुष्ट वा खराबहरूबाट सुरक्षित राख्नुहुन्छ। न त "घाम वा चर्को गर्मीले" न त "जुन" वा चिसोले तिनीहरूलाई ढलाउन सक्छ। तिनीहरू "बाहिर जाँदा" र "भित्र आउँदा" परमेश्वरले तिनीहरूलाई सुरक्षा गर्नुहुन्छ। यो कवितामयशैलीले परमेश्वरको चित्रण गर्दा उहाँका जनहरूप्रति उहाँको कहिल्यै नथालिकने निरन्तर हेरचाहालाई विशाल र व्यापक रूपमा चित्रण गर्दछ।

ती सबैको अर्थ के हो त? परमेश्वरको कृपालु र मायालु हेरचाहामाथि भजनको लेखकले भरोसा राखेका थिए भनेर स्पष्ट पार्दछ। हामी पनि परमेश्वरमा भरोसा राख्न सक्दछौं भनेर यकिन हुन सक्दछौं।

**तपाईंमाथि परमेश्वरको हेरचाहा भएको छ भन्ने अनुभव कहिल्यै गर्नुभएको छ? परमेश्वरले तपाईंभित्रै रहेर र तपाईंको निम्ति काम गर्न उहाँसँग हातेमालो तपाईंले कसरी गर्न सक्नुहुन्छ?**

## ३. बिपत्तीमा, कठिनाइमा र प्रतिकूल परिस्थितिमा प्रभु शरणस्थान हुनुहुन्छ

अनेकौं बिपत्ती, कठिनाइ र प्रतिकूल परिस्थितिको समयमा भजनका लेखकले गरे त? हेर्नुहोस्: "१ हे परमप्रभु, मेरो धार्मिक पुकार सुनिदिनुहोस्, निष्कपट मुखबाट निस्केको मेरो प्रार्थनामा कान लगाउनुहोस्। २ मेरो निर्दोषता तपाईंबाटै ठहरिएको होस्, तपाईंको आँखाले सच्चाइ देखोस्। ३ यदि तपाईंले मेरो हृदय जाँच्नुभयो भने, र राती पनि मेरो जाँच गर्नुभयो भने, मलाई परीक्षण गर्नुभए तापनि, तपाईंले मभित्र केही पनि भेट्टाउनुहुनेछैन। मेरो मुखको बोलीले कुनै अपराध गर्नेछैनँ भनी मैले निश्चय गरेको छु। ४ मानिसहरूका कामको विषयमा भन्ने हो भने– तपाईंका मुखको वचनद्वारा मैले आफैलाई हिंसाको मार्गबाट बचाएर राखेको छु।५ मेरा पाइलाले तपाईंका बाटामा दृढ़तासाथ टेकेका छन्, मेरा खुट्टा चिप्लेका छैनन्। ६ म तपाईंमा पुकार गर्दछु, हे परमेश्वर, किनकि तपाईंले मलाई जवाफ दिनुहुनेछ। तपाईंको कान मतिर थाप्नुहोस्, र मेरो बिन्ती सुन्नुहोस्। ७ आफ्ना शत्रुहरूबाट तपाईंमा शरण खोज्नेहरूलाई आफ्नो दाहिने बाहुलीले बचाउनुहुने हे प्रभु, आफ्नो महान् प्रेमको

आश्चर्यमय कुराहरू प्रदर्शन गर्नुहोस्। ८ तपाईंका आँखाको नानीलाई झैं मलाई बचाएर राख्नुहोस्।तपाईंका पखेटाको छायामुनि मलाई लुकाउनुहोस्– ९ ती दुष्टहरूबाट, जसले मलाई लुट्दछन्, मेरा ती घातक शत्रुहरूबाट, जसले मलाई घेर्दछन्। १० तिनीहरू आफ्ना निर्दयी हृदय बन्द गर्दछन्, र तिनीहरू आफ्ना मुखले अहङ्कारसाथ कुरा गर्दछन्। ११ तिनीहरूले मलाई खेदी-खेदी भेट्टाएका छन्, र अब मलाई घेरा लगाउँछन्।मलाई जमिनमा पछार्न तिनीहरू दाउ हेर्दछन्। १२ तिनीहरू शिकारको निम्ति भोकाएको सिंहजस्तै भएका छन्, एउटा ठूलो सिंहझैं तिनीहरू ढुकिबस्छन्। १३ हे परमप्रभु, उठ्नुहोस्, तिनीहरूको सामना गर्नुहोस्, तिनीहरूलाई पराजित गरिदिनुहोस्। आफ्नो तरवारद्वारा मेरो प्राणलाई दुष्टहरूबाट छुटाउनुहोस्। १४ हे परमप्रभु, तपाईंको बाहुलीद्वारा यस्ता मानिसहरूबाट मलाई बचाउनुहोस्, यी संसारका मानिसहरूबाट जसको पुरस्कार यस जीवनकालमा सीमित छ। तपाईंले कदर गर्नुभएकाहरूको भोक शान्त गर्नुहुन्छ। तिनीहरूका छोराहरूका लागि प्रशस्त छन्, आफ्ना बालबच्चाका लागि तिनीहरूले धन-सम्पत्ति थुपारेर राख्छन्। १५ अनि मचाहिँ धार्मिकतामा तपाईंको मुहार हेर्नेछु।म बिउँझँदा तपाईंको प्रतिरूप देखेर सन्तुष्ट हुनेछु।" भजन १७; "१ हे परमप्रभु, मैले तपाईंमा शरण लिएको छु, मलाई कहिल्यै पनि शर्माउनु नपरोस्, तपाईंको धार्मिकतामा मेरो उद्धार गर्नुहोस्। २ मेरो पुकार सुनिदिनुहोस्, मलाई झट्टै छुटाउनुहोस्। तपाईं मेरो निम्ति शरणको चट्टान हुनुहोस्, मलाई बचाउने एउटा बलियो गढ़ हुनुहोस्। ३ मेरो चट्टान र गढ़ तपाईं नै हुनुहुन्छ, यसैकारण तपाईंकै नाउँको खातिर मलाई डोऱ्याउनुहोस्। ४ मेरो निम्ति गुप्तमा थापिएको पासोबाट मलाई छुटाउनुहोस्, किनकि तपाईं नै मेरो आश्रय हुनुहुन्छ। ५ तपाईंकै हातमा म मेरो आत्मा सुम्पन्छु। हे परमप्रभु, हे सत्यका परमेश्वर, मोल तिरेर मेरो उद्धार गर्नुहोस्।" भजन ३१:१-५ र "१ जो परमप्रधानको शरणमा वास गर्दछ, त्यो मानिस सर्वशक्तिमान्को छत्रछायामुनि रहन्छ।२ परमप्रभुको बारेमा म भन्नेछु, “उहाँ मेरो शरणस्थान र किल्ला हुनुहुन्छ, मेरा परमेश्वर, जसमाथि म भरोसा राख्तछु।” ३ निश्चय नै उहाँले तिमीलाई शिकारीको पासोबाट, र घातक रूढ़ीबाट बचाउनुहुनेछ। ४ उहाँले तिमीलाई आफ्ना प्वाँखहरूले छोप्नुहुनेछ, उहाँका पखेटामुनि तिमीले शरण पाउनेछौ। उहाँको विश्वसनीयता तिम्रो ढाल र पर्खाल हुनेछ। ५ तिमी रातको ठुलो त्रासदेखि, र दिनमा उड़ेर आउने बाणदेखि डराउनेछैनौ, ६ न त अन्धकारमा फैलिने रूढ़ीदेखि, न मध्यदिनमा

नाश गर्ने महामारीदेखि डराउनेछौ। ७ एक हजार जना तिम्रो नजिक लोट्लान्, र तिम्रो दाहिने हाततर्फ दश हजार जना, तर तिम्रो नजिक त्यो आउनेछैन।" भजन ९१:१-७।

भजनका लेखकले उनको जीवनमा अनेकौं आपत्ति, विपत्ति र कठिनाइहरू सामना गर्न वाध्य भएको थियो। ती सबै विषम परिस्थितिमा उनी बिचलित नभएर सबै स्थितिहरूलाई परमेश्वरलाई नै सुम्पेका थिए। प्रत्येक प्रतिकूल परिस्थितिमा उहाँ नै आश्रय स्थान हुनुहुन्छ। आफ्नो जीवनको सबै परिस्थितिहरूमा परमेश्वरमाथि भरोसा राख्नुपर्दछ। उहाँ नै सबैको स्वामी हुनुहुन्छ भन्ने आत्माज्ञानले सुसज्जित हुनु हाम्रो रोजाइको अधिकार हो। यदि दुःख र कष्ट परेको बेलामा उहाँलाई भरोसा राख्दा उहाँले हेर्नुहुन्न भने त्यसको केही काम छैन। भजनका लेखकले यो गवाही दिन्छः "प्रभुको बारेमा म यो भन्छु कि उहाँ मेरो शरणस्थान र किल्ला हुनुहुन्छ। उहाँ मेरो परमेश्वर हुनुहुन्छ। उहाँमाथि नै म भरोसा राख्दछु।" भजन ९१:२। यो उद्गार उनले विगतको अनुभवको आधारमा गरेका थिए। र अब उनको वर्तमान र भविष्यमा उहाँमाथि भरोसा र आस्था राख्दा उनले बल पाउनेछ भन्ने कुरामा उनी विश्वस्त थिए। परमेश्वर महान् उच्च स्थानमा बस्नुहुने र शक्तिशालि हुनुहुन्छ भनेर भजनका लेखकले ठोकुवा गर्दछन्। उहाँ सबै महानताहरूभन्दा अपार हुनुहुन्छ।

परमेश्वरमा हुने सुरक्षा पनि भजनको लेखकले सुनाउँदछन: परमेश्वर, छत्रछायाँ, गोप्य स्थान र लुक्ने स्थान हुनुहुन्छ (भजन ९१:१), उहाँ शरणस्थान र किल्ला हुनुहुन्छ (भजन ९१:२), उहाँका पखेटाहरू छन्, उहाँ ढाल र पेटी हुनुहुन्छ (भजन ९१:४) र हाम्रो घर वा बासस्थान हुनुहुन्छ (भजन ९१:९)। भजनका लेखकको संस्कारमा ती चित्रणहरूले आफू रहने सुरक्षित स्थानलाई देखाउँछ। अत्यन्तै चर्को घाममा छायाँ पाउँदा हामी कति रमाउँछौं। पौराणिक इस्राएलको इतिहासमा शत्रुहरूले परमेश्वरका जनहरूलाई धेरै खेदो गरेका थिए। त्यसबेला तिनीहरू किल्लामा शरण लिन जाँदा र आफ्ना ढालहरूले शत्रुका वाणहरूलाई छेक्दा तिनीहरू सुरक्षित भएको महसुस गरेका थिए।

**भजन १७:८ र मत्ती २३:३७ पढ्नुहोस्। ती पदहरूमा के प्रतिक प्रयोग गरिएको छ र त्यसले हामीलाई के बताउँछ? हेर्नुहोस्: "तपाईंका आँखाको नानीलाई झैं मलाई बचाएर राख्नुहोस्। तपाईंका पखेटाको छायामुनि मलाई लुकाउनुहोस्–।" भजन १७:८ र "ए यरूशलेम, ए यरूशलेम, तँ जसले**

**अगमवक्ताहरूलाई मार्ने र तँकहाँ पठाइएकाहरूलाई ढुङ्गाले हान्ने! जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट तेरा बालकहरूलाई बटुल्ने इच्छा गरें, तर तैंले मानिनस्।" मत्ती २३:३७।**

"तपाईंका पखेटाहरूको छायाँमा रहनु" भन्ने चित्रण अत्यन्तै भावुक चित्रण हो (भजन १७:८, भजन ५७:१, ६३:७)। आमा चराले आफ्ना बचेराहरूलाई आफ्ना पखेटाहरूले छोपेर कसरी सुरक्षा दिन्छ त्यसरी नै परमेश्वरले उहाँका जनहरूलाई सुरक्षा दिनुहुन्छ। प्रभुलाई चिलसँग तुलना गरिन्छ जसले आफ्ना साना चिलहरूलाई आफ्ना पखेटाहरूले सुरक्षा दिन्छिन् (प्रस्थान १९:४, व्यवस्था २:११)। प्रभुलाई आमा कुखुरासँग पनि तुलना गरिन्छ जसले आफ्ना चल्लाहरूलाई आफ्ना प्वाँखहरूले छोप्न बोलाउँछिन्।

***तर, यो तितो सत्यलाई हामी अस्वीकार गर्न सक्दैनौं। कतिपय समयमा आपद र विपदले हामीलाई हान्दछन् र परमेश्वरको सुरक्षा नभएको हामी महसुस गर्दछौं। त्यस बखतमा हामी के भन्ने? ती सबै आघात, पीडा र विपदहरू आयो भन्दैमा परमेश्वर हामीसँग हुनुहुन्न भनेर कसरी यकिन हुने?***

## ४. रक्षक र उद्धारक

**प्रस्थानमा इस्राएलीहरूको यात्राको विवरणको कथालाई पावलले कसरी वर्णन गरिएको छ? त्यसबाट हामीले के आत्मिक पाठ सिक्न सक्छौं? हेर्नुहोस् १ कोरन्थी १०:१-४ "१ भाइ हो, तिमीहरूले यो कुरा जान भनी म चाहन्छु, कि हाम्रा पुर्खाहरू सब बादलमुनि थिए, र सबै समुद्रको बीचबाट भएर गए। २ अनि मोशामा तिनीहरू सबैले बादल र समुद्रमा बप्तिस्मा पाएका थिए। ३ सबैले एउटै आत्मिक भोजन खाए। ४ सबैले आत्मिक पानी पिए, किनकि तिनीहरूका साथसाथै हिंड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए। त्यो चट्टानचाहिँ खीष्ट नै हुनुहुन्थ्यो।"**

**भजन ११४मा परमेश्वरले इस्राएलीहरूलाई कसरी उद्धार गर्नुभयो भन्ने काव्यशैलीमा कसरी वर्णन गरिएको छ? हेर्नुहोस्:**

"१. जब इस्राएल मिश्रदेशबाट आए, जब याकूबको घराना पराई भाषा बोल्ने मानिसहरूका बीचबाट निस्केर आए,

२. तब यहूदा परमप्रभुको पवित्रस्थान, र इस्राएल उहाँको राज्य भयो।

३. यो देखेर समुद्र भाग्यो, यर्दन नदी उल्टो बग्न लाग्यो।

४. **पहाड़हरू भेड़ाहरूझैं उफ्रन लागे, डाँड़ाहरू भेड़ाका पाठाहरूझैं कुद्न लागे।**

५. **हे समुद्र, तँलाई के भयो, र तँ भागिस्? र हे यर्दन, तँ किन फर्केर गइस्?**

६. **हे पहाड हो, तिमीहरू भेड़ाहरूझैं, हे डाँड़ा हो, तिमीहरू भेड़ाका पाठाहरूझैं किन कुद्यौ?**

७. **हे पृथ्वी, परमप्रभुको सामुन्ने, याकूबका परमेश्‍वरको सामुन्ने थरहरी होऊ,**

८. **जसले चट्टानलाई पानीको तालमा, र ढुङ्गेनी पहाड़लाई पानीको स्रोतमा परिवर्तन गर्नुभयो।"**

इस्राएलीहरूलाई मिश्र देशको बन्धनबाट परमेश्वरले गर्नुभएको उद्धारको वयान काब्यशैलीमा गरेको मार्मिक र अचम्मको छ। पुरानो करार भरि होस् वा नयाँ करारमा होस् परमेश्वरले आफ्ना इस्राएली जनहरूलाई गर्नुभएको उद्धार उहाँको शक्ति प्रदर्शनको चित्रणको रूपमा लिएको छ। पावलले कोरन्थीमा परमेश्वरको शक्तिको गुणागान गर्दछन्। वर्तमान परिप्रेक्ष्यमा त्यो कथा प्रतिकको रूपमा लिन्छ। येशू ख्रीष्टबाट पाउने मुक्तिलाई त्यस कथा प्रतिकको रूपमा लिएको छ। परमेश्वरले आफू सृष्टिकर्ता हुनुभएको हैशियतले आफ्नो सार्बभौम शक्ति प्रयोग गर्नुभएर उहाँका जनहरूलाई उद्धार गर्नुभएको चित्रण भजन ११४मा व्यक्त गरिएको छ। उहाँको शक्ति प्रकृतिमाथि पनि छ र प्रकृतिलाई नै प्रयोग गर्नुभएर उहाँका जनहरूलाई उद्धार गर्नुभएको थियो। इस्रायलीहरू प्रतिज्ञा गरिएको देशमा यात्रा गरिरहेको समयमा तिनीहरूले सामना गर्नुपर्ने सामु समुद्र, यर्दन नदी, पहाड र डाँडाहरूको काव्यशैलीमा गरिएको चित्रणले प्राकृतिक र मानव शक्तिहरू इस्राएलीहरूको विरुद्धमा खडा भएका थिए (व्यवस्था १:४४, यहोशू ३:१४-१७)। सार्बभौम परमेश्वर ती सबै तत्त्वहरूमाथि शक्तिभएको त्यस भजनमा चित्रण गर्दछ। स्वर्गको यरुशलेममा यात्रा गर्दा परमेश्वरका जनहरूले अनेकौं खतराहरूको समाना जहिले र जहाँ पनि गरिरहेका थिए र छन् पनि। परमेश्वरका जनहरू पहाडहरूभन्दा माथि स्वर्ग र पृथ्वीका सृष्टिकर्तातिर (भजन १२१:१) नजर राख्दै अघि बढ्नुपर्छ भनेर भजनसंग्रहका लेखकहरूले आह्वान गर्दछन्। एक दिन येशूले समुद्रमा आँधीलाई शान्त गर्नुभएको कथा भजन ११४ले हाम्रो दिमागलाई कब्जा गर्न सहयोग गर्दछ। चर्च डराउनुपर्दैन भनेर येशूले घोषणा गर्नुभएको त्यस कथाले बताउँदछ। सारा संसारलाई उहाँले जित्नुभएको थियो (मत्ती ८:२३-२७,

यूहन्ना १६:३३)। त्यसले गर्दा उहाँका जनहरू संसारका गतिविधिहरूसँग डराउनुपर्दैन।

आफ्ना जनहरूको निम्ति परमेश्वरले गर्नुभएको कामले उहाँको उपस्थितिमा सारा पृथ्वी नै काम्नुपर्दछ (भजन ११४:७)। **थर थर काम्नुको अर्थ** उहाँ परमेश्वर हुनुहुन्छ र उहाँको आराधना गर्नुपर्छ भनेर स्वीकार गर्नु हो, तर उहाँदेखि भयभित भएर लुक्नु होइन (भजन ९६:९, भजन ९९:१)। परमेश्वर आफ्नो साथमा भएकोले उहाँमाथि विश्वास, आस्था र भरोसा राख्नेहरू डराउन आवश्यकता छैन।

**परमेश्वरका जनहरूले सामना गर्नुपर्ने केही आत्मिक खतराहरू के के छन् र तिनीहरूबाट सुरक्षित हुन परमेश्वरको शक्तिमाथि हामी भर पर्न सक्छौं भनेर कसरी सिक्ने? जसरी भजनका लेखकहरूले अनेकौं विग्नबाधा, कठिनाइ, सङ्कटहरूको सामना गरेका थिए, त्यसरी नै हामी पनि सामना गर्दछौं वा गरिरहेकाछौं। यद्यपि, हाम्रो साथमा प्रभु हुनुहुन्छ भन्ने आत्मिक ज्ञानले हामीलाई कसरी हौसला प्रदान गर्दछ?**

## ५. परमेश्वरको पवित्र मन्दिरबाट सहायता

**निःसन्देह हाम्रो सहायता परमेश्वरबाट आउँछ र येशूले यो वाचा गर्नुभएको छ कि उहाँ जहिले पनि हाम्रो साथमा हुनुहुनेछ (मत्ती २८:२०)। यसको अर्थ हाम्रो दुःखकष्ट वा जीवनको संघर्षमा उहाँ पनि हाम्रो साथमा रहेर संघर्ष गर्नुहुन्छ। हामी एक्लैले दुःख पाएका हुँदैनौं। यद्यपि, तल दिएका पदहरूले प्रभुले दिने सहायता कहाँबाट आउने रहेछ भनेर ठोकुवा गर्दोरहेछ? हेर्नुहोस्ः "म चर्को सोरले परमप्रभुमा पुकार गर्दछु, र उहाँले आफ्नो पवित्र पर्वतबाट मलाई जवाफ दिनुहुन्छ।" भजन ३:४; "इस्राएलको उद्धार सियोनबाट आएको भए कति असल हुनेथियो! जब परमप्रभुले आफ्ना मानिसहरूको सुख-शान्ति फर्काइदिनुहुन्छ, याकूब रमाऊन्, र इस्राएल खुशी होऊन्!" भजन १४:७; "१ सङ्कष्टको दिनमा परमप्रभुले तपाईंलाई उत्तर देऊन्, याकूबका परमेश्वरको नाउँले तपाईंलाई सुरक्षा देऊन्। २ उहाँले पवित्रस्थानबाट तपाईंलाई सहायता पठाऊन्, र सियोनबाट तपाईंलाई सहारा देऊन्। ३ उहाँले तपाईंका सबै बलिदानहरूको सम्झना राखून्, र तपाईंका होमबलि ग्रहण गरून्। सेला ४ उहाँले तपाईंको मनोरथ पूरा गरून्, र तपाईंका सबै योजनाहरू सफल गराऊन्।" भजन २०:१-४; "१ परमप्रभु मेरो ज्योति र मेरो मुक्ति हुनुहुन्छ, मैले कसको भय मान्नु? परमप्रभु नै मेरो जीवनको किल्ला हुनुहुन्छ, कोसँग म भयभीत हुनु? २ जब दुष्ट मानिसहरू मेरो मासु खान मेरो विरुद्ध अगि बढ्छन्, जब शत्रु र विरोधीहरू मलाई**

**आक्रमण गर्छन्, तिनीहरू ठक्कर खाएर जमिनमा लोट्नेछन्। ३ सेनाले मेरो विरुद्धमा छाउनी बनाए तापनि मेरो हृदय डराउनेछैन। मेरो विरुद्धमा लड़ाइँ चले पनि त्यस बेला म पूरा आत्मविश्वास राख्नेछु। ४ एउटै कुरा म परमप्रभुसँग माग्दछु, मैले खोजेको यही हो, कि जीवनभरि म परमप्रभुको भवनमा रहन पाऊँ, र उहाँको सुन्दरतालाई हेरिरहन पाऊँ, र उहाँको मन्दिरमा उहाँलाई खोज्न सकूँ। ५ किनकि सङ्कष्टको दिनमा उहाँले मलाई उहाँको वासस्थानमा सुरक्षित राख्नुहुनेछ, आफ्नो पवित्र वासस्थानमा उहाँले मलाई लुकाइदिनुहुनेछ, अनि एउटा चट्टानमाथि उच्च राख्नुहुनेछ।" भजन २७:१-५; "तपाईंका भवनको प्रचुरताबाट तिनीहरूले भोज गर्छन्, र तपाईंको सुख-चैनको नदीबाट तपाईंले तिनीहरूलाई पियाउनुहुन्छ।" भजन ३६:८; "तपाईंको वासस्थानमा सधैं बस्ने, तपाईंका पखेटाको आड़मा शरण लिने मेरो चाहना छ।सेला।" भजन ६१:४ र "५ परमेश्वर आफ्नो पवित्र वासस्थानमा अनाथका पिता र विधवाहरूका रक्षक हुनुहुन्छ।३५ हे परमेश्वर, आफ्नो पवित्रस्थानमा तपाईं भययोग्य हुनुहुन्छ। इस्राएलका परमेश्वरले आफ्नो प्रजालाई शक्ति र बल दिनुहुन्छ। परमेश्वरको प्रशंसा होस्।" भजन ६८:५,३५।**

आत्मिक र भौतिक वा शारीरिक आश्रय स्थान र सहयोग पठाउने स्थानको प्रधान बिचार पवित्र मन्दिरको सन्दर्भमा प्रायजसो देखा परेको पाइन्छ। परमेश्वर रहनुहुने पवित्र स्थान सहायता गर्ने स्थान, सुरक्षाको स्थान र मुक्ति दिन स्थान हो। पवित्र स्थानमा दु:ख,कष्ट र बिचल्लीमा परेका उहाँका जनहरूले आश्रय लिन्छन्। परमेश्वरले टुहुरा र विधवाहरूलाई रक्षा गर्नुहुन्छ र उहाँकै पवित्र स्थानबाट उहाँका जनहरूलाई सशक्त बनाउन बल दिनुहुन्छ। जब "सौन्दर्यमा सिद्ध सियोनबाट परमेश्वर चम्किनुहुनेछ" (भजन ५०:२), तब परमेश्वरका धार्मिक र न्यायोचित न्यायहरूको घोषणा गरिन्छ र उहाँका आशिषहरू बहन्छ (भजन ८४:४, १२८:५, १३४:३)।

परमेश्वरको पवित्र मन्दिरमा पाउने आश्रय संसारको कुनै पनि ठाउँभन्दा अपार छ किनकि त्यस पवित्र स्थानमा परमेश्वर नै व्यक्तिगत रूपमा उपस्थित हुनुहुन्छ। भवन भएको पवित्र स्थानमात्र नभएर परमेश्वरकै उपस्थिति भएको पवित्र स्थान उहाँका जनहरूको निम्ति सुरक्षित स्थान हो। त्यसरी नै उहाँ रहनु हुने सियोन पहाड अरू कुनै प्राकृतिक पहाडहरूभन्दा उच्च र सुरक्षित छ (भजन ६८:१५,१६, यशैया २:२।

**"हाम्रा सबै कमजोरीहरूप्रति संवेदनशील वा सहानुभूति नभएका हाम्रा प्रधान पुजारी हुनुहुन्न, तर उहाँ हामी जस्तै सबै थोकहरूको परीक्षमा पर्नुभएको**

**थियो, तर उहाँमा कुनै पाप थिएन। त्यसकारण, निडर भएर उहाँको अनुग्रहको सिंहासन सामु आऔं। अनि, हामीलाई चाहेको समयमा उहाँको अनुग्रह, कृपा, निगाहा र दया पाउनेछौं।" हिब्रू ४:१५,१६। भजनका लेखकहरूले व्यक्त गरेको अनुसार पावलका ती वचनहरूसँग के समानान्तर छ?**

पवित्र स्थानमा रहनु हुने परमेश्वरको पवित्रताले सारा मानिसहरू पापी छन् र उहाँको निगाहको योग्य नै छैन भनेर भजनका लेखकहरूले जिकिर गर्दछन्। यदि मानिसहरूलाई प्रभुले उद्धार गर्नुहुन्छ भने उहाँको विश्वसनीयता र अनुग्रहको आधारमामात्रै हुन्छ (भजन १४३:२, ९-१२)। परमेश्वरको अगाडि हाम्रो कुनै असल धर्मकर्म वा क्रियाकलाप गर्न सक्छौं जसले गर्दा हामी उहाँबाट निगाहा पाउन सक्छौं। तर जब मानिसहरू केवल पश्तात्ताप गरि परमेश्वरको अनुग्रहलाई स्वीकार गऱ्यौं र उहाँसँग ठिक र न्यायोचित सम्बन्ध राखेर उभिन सक्यौं भनेमात्र हामीले उहाँबाट क्षमा पाउँछौं र उहाँको उद्धारको बाचालाई हामी दावी गर्न सक्छौं। पवित्र मन्दिर वा स्थानको गरिने सेवाकार्यले येशूमा पाइने मुक्तिको प्रतिनिधित्व गर्दछ।

उपसंहार: थपा जानकारी: एलेन ह्वाइटद्वारा लिखित, पाट्रियार्क एण्ड प्रोफेटसको पृ. १९७-२०८ मा उल्लेखिन "द नाइट अभ रेस्लिङ्ग ।" परमेश्वरको सामु कुनै नलुकिएको भरोसा र प्रार्थनाको शक्ति र महत्वको बारेमा याकूबको अनुभावबाट हामी के सिक्नसक्छौँ?

परमेश्वरमा आफ्नो जीवन पूरै भरोसा राख्नेहरूको निम्ति परमेश्वर अटल आश्रय हुनुहुन्छ भनेर भजनका लेखकहरूले दिएका वयानहरूले हाम्रो आस्थालाई मजबूत पार्दछ । उहाँका शक्तिशाली बाहुबलमा हामी भर पऱ्यौँ भने उहाँले हाम्रो जीवनलाई सशक्त बनाउनु हुन्छ । "परमेश्वरमाथि भरोसा राख्नेहरूलाई उहाँले ठूला ठूला काम गर्नुहुन्छ । कतिपय इसाई हौँ भनेर दावी गर्नेहरूमा ठुलो शक्तिको अनुभव गरेका हुँदैनन् । यसको कारण छ, तिनीहरू आफ्नै ज्ञान र बुद्धिमा भरोसा राख्दछन् । तिनीहरूलाई दिने उहाँको शक्तिको प्रवाह गर्न तिनीहरूले नै उहाँलाई अवसर दिनु हुन्न । प्रत्येक आपतकालिन परिस्थितिमा उहाँलाई विश्वास गर्ने भक्तहरूलाई उहाँले सहायता गर्नुहुन्छ ।

तर उहाँका बल पाउन तिनीहरूले आफ्नो पूरै भरोसा उहाँमाथि राख्नुपर्छ र विश्वासिलो भएर उहाँका आदेशहरू पालन गर्नैपर्छ।"-एलेन जी. ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस,* पृ. ४९३।

यद्यपि, कतिपय भजनहरूबाट हामी गम्भीर चुनौति पाउन पाउँछौँ। त्यहाँ लेखिएका प्रतिज्ञाहरू र हाम्रो वर्तमान परिस्थितिसँग तालमेल नभएको पाउँछौँ। यस्तो परिस्थितिहरूमा परमेश्वरको भलाइमा भरोसा राख्न हामी सिक्नुपर्दछ। त्यो भरोसा क्रूसमा नै अत्यन्तै शक्तिशाली रूपमा प्रकट गरिएको थियो।

फेरि कतिपय समयमा, भजनसंग्रहलाई असत्य आशाहरूलाई पनि फलाउन सक्दछ। सैतानले भजन ९१:११,१२ लाई भ्रष्ट पारेर प्रयोग गरेको थियो येशूले त्यसको आपत्ति जनाउनु भएको थियो। परमेश्वरमाथि भरोसा राख्नुको अर्थ उहाँलाई परीक्षा गर्नु होइन (मत्ती ४:५-७)। यस मामिलामा हामी अन्यौलमा पर्नुहुन्न। कतिपय समयमा मानिसहरूले परमेश्वरको भन्दा आफ्नो चाहनालाई पूरा गर्न भजनका पुस्तकहरूबाट पदहरू दावी गर्छन्। उहाँको इच्छा बिरुद्ध भजनलाई प्रयोग गर्दा हामीले उहाँलाई नै परीक्षमा पार्न खोज्छौँ।

"ख्रीष्टको चर्च वा कुनै पनि येशूभक्तले पाउने ठुला ठुला विजयहरू प्रतिभाशाली, शिक्षित, धनी वर्ग र मानिसहरूको निगाहाले पाउने होइन। तर परमेश्वरसँग गोप्य कोठामा रहने खुबीले गर्दा मानिसहरूले जीवनमा विजय हासिल गर्न सक्छन्। परमेश्वरको शक्तिशाली र बाहुबललाई पक्रेर विश्वासद्वारा इमान्दारपूर्वक रोइकराइ प्रार्थना गर्दामात्र विश्वासीहरूले सही बिजय पाउन सक्छ।" -एलेन ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. २०३।

**चिन्तनमनन:**


अ. जब आपदबिपद, कठिनाइ, प्रतिकूल र पीडादायी समयमा परमेश्वरमाथि भरोसा राख्नु भनेको के हो सो सोच्नुहोस्। भजनसंग्रहमा उल्लेख गरिएका परमेश्वरका जनहरूलाई दिनुहुने उहाँको सुरक्षाका प्रतिज्ञाहरूको बाबजुद पनि ती भिषण परिस्थितिहरू तिनीहरूमा किन आइपर्छन्? यो पनि ख्याल गर्नुहोस्, ती भजनहरूमा अचम्मका प्रतिज्ञाहरू लेख्ने राजा दाउदले पनि के अनेकौं भिषण परिस्थितिहरूको सामना गरेनन् र? विगत र वर्तमान समयमा पनि के परमेश्वरका जनहरूले भिषण परिस्थितिहरूको सामना गरिरहेका थिएनन् र छैनन् र?

आ. सबै परिस्थितिहरूमा परमेश्वरलाई बिना शङ्का विश्वास गर्ने मनस्थितिको विकाश हामीले कसरी गर्ने (उदाहरणमा भजन ९१:१४; भजन १४३:८,१०; भजन १४५:१८-२०)। केले गर्दा परमेश्वरमाथिको भरोसा हामी गुमाउन सक्छौं? असल समयमा परमेश्वरमाथि भरोसा राख्ने बानिले खराब समयमा पनि भरोसा राख्ने निर्णायक मनस्थिति कसरी हुन सक्छ?

# कथा ४

# सुसमाचारका झट्काहरू

## शकुन्तला र ज्वाय (भारत)



एक दिन विज्ञापन कार्यकारिणीको कोठामा एक गीति समूहले अत्यन्तै मिठो स्वरले गीत गाएको आवाज बाहिरबाट पसिरहेको थियो। त्यस कार्यकारिणीलाई त्यो गीतले झट्का दिइरहेको थियो। उक्त कार्यकारिणीको निम्ति यस्तो गीत सुन्ने पहिलो पल्ट थिएन। उनी भारतको बङ्गलुरु अर्थात् बङ्गलोरको विज्ञापन एजेन्सीको अफिसमा काम गरिरहँदा सङ्गीत बजिरहन्थ्यो।

सङ्गीतले उनलाई झट्का लागेको यो पहिलो पल्ट पनि थिएन। तर यसबेला उनी चुपचाप रहन सकिनन्।

आफ्नो अफिसको दोस्रो तलामाथि गएर झ्यालबाट शकुन्तलाले हेरिन्। उनको अफिसको अगाडीको भवनबाट मानिसहरू भित्र बाहिर गरिरहेको उनले देखिन्। त्यस भवनमा के भइरहेको रहेछ भनेर उनी छक्क परिन्। उनले आफ्ना पाखुराहरूलाई हेरिन् र तिनीहरूमा गुजबम्प वा झट्काले फोको उठिरहेको थियो। त्यस भवनमा के भइरहेको छ सो आफै हेर्न उनमा तिब्र इच्छा जाग्यो। उनी बिस्तारै आफ्नो अफिसबाट बाहिर निस्किन् र गीतको आवाज आइरहेको भवनमा पसिन्। त्यस भवनमा पस्दा उनलाई असजिलो लागिरहेको थियो किनकि त्यहाँ उनले कसैलाई पनि चिनेको थिएन। भवनको ढोकामा पसेर, "के म आउन सक्छु र त्यहाँ के भइरहेको छ हेर्न सक्छु र?" भनेर ढोकामा उभिएको एक जना मानिससँग उनले सोधिन्। "आउनुहोस् र बस्नु होस्," मुस्कुराएर दयालु स्वभावले त्यस मानिसले भन्यो। शकुन्तला भित्र गएर गीत सुन्न थालिन्। तर गीति समूहले गीत गाइरहेको थिएन त कुनै बाजाबिना एक जना मानिस गीत गाइरहेको थियो।

गीत गाउन सकेपछि सुरो भएर शकुन्तला त्यस मानिसकहाँ गएर सोधिन्, "अर्गान बाजा खोइ त? मलाई झट्का दिने गीतहरू खोइ त?" त्यो सुनेर त्यो मानिस छक्क पऱ्यो।

शकुन्तलाले उनको अफिसबाट केही हप्तासम्म प्रत्येक शनिबार गीत सुनीरहेकी थिइन्। त्यहाँ बजाएको सङ्गीत र गीत केवल शनिबारमा मात्र गाइन्थ्यो वा बजाइन्थ्यो।

त्यो भवन चर्च थियो। उनी ती सङ्गीतहरू सुन्न अर्को दुई शनिबार चर्चमा आइन्। जब गीति समूहले गीत गाउन थाले उनले उनको अगाडी रहेको भजनको किताब हेरिन्। उनले उनलाई झट्का दिइरहेको दुई गीत त्यस किताबमा भेट्टाइन्। "द ओल्ड रगड क्रस" र "बी स्टिल माइ सोल" भन्ने भजनहरू थिए।

तेस्रो शनिबार उनी गीत सुन्न मात्र होइन येशूको बारेमा प्रवचन सुन्न पनि बसिन्। "चर्चमा येशूको बारेमा सुनेको त मलाई मन पर्‍यो। येशूको बारेमा मलाई मन परेकोले मेरो घरमा देवीदेवताहरूको फोटो मैले किन राख्ने?" भनेर सोचिन्। घर गएर उनको भित्तामा रहेका देवीदेवताहरूका फोटोहरू झिकिन् र अरूलाई दिइन्।

साबथमा उनी चर्चमा गइरहिन्। जब उनले भजन सुन्दै थिइन् उनलाई झट्का लागिरहेको थियो।

केही समयपछि पास्टरले उनलाई उनका अरू परिवारलाई पनि आउन निम्तो दिए। "म ल्याउनेछु," उनले भनिन्।

अनि तिनीहरू आए। उनको छोरो ज्वाय, अनि उनका नातीनातीनाहरू र उनका घरेलु कामदार पनि आउन थाले। त्यहाँ बाइबल अध्ययन पनि भयो। त्यसपछि परिवारले आफ्नो हृदय येशूलाई सुम्पे।

शकुन्तला चर्चको सक्रिय सदस्य भइन् र उनको नाती युवाहरूको पास्टर भएको छ।

आज शकुन्तला ८४ वर्षकी छिन् र विज्ञापन एजेन्सीबाट उनले अवकाश पाएकी छिन्। तर २००५मा उनले सुनेको सङ्गीतप्रति उनी आभारित छिन्। त्यस सङ्गीतले गर्दा उनलाई येशूतिर अगुवाइ गरिएको थियो।

"जब गीति समूहले गीत गाउँछ, अझ पनि मलाई झट्का हुन्छ," उनले सुनाइन्।